# लोक सेवा आयोग

(सूचना तथा प्रकाशन शाखा)

लोक सेवा आयोग सूचना तथा प्रकाशन शाखा

## दरखास्त संकलन कार्य स्थगन सम्बन्धी सूचना ।

**सूचना नं. ४५५/०७८-७९**

आयोगबाट मिति २०७८/९/१४ मा सूचना प्रकाशन गरी राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहको पदको सूचना नं. ४१८/०७८–७९ र सूचना नं. ४१९/०७८–७९ बमोजिमका विज्ञापनहरुमा दरखास्त लिने कार्य मिति २०७८/९/१८ सम्म स्थगन गरिएकोमा उच्च अदालत पाटनबाट **आयोगको सूचना नं. ४१८/०७८-०७९ र ४१९/०७८-०७९ को विज्ञापन बमोजिम काम अघि नबढाई यथास्थितिमा राख्न मिति २०७८/९/१३ मा भएको अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता दिने** भनी मिति २०७८/९/१८ मा आदेश जारी भएको हुँदा आयोगबाट मिति २०७८/८/२९ मा प्रकाशित राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) शाखा अधिकृत वा सो सरहका पदहरुको सूचना नं. ४१८/०७८-०७९ अन्तर्गतको न्याय सेवा, प्रशासन सेवा र लेखापरीक्षण सेवाका सबै बढुवा सूचनाहरु र सूचना नं. ४१९/०७८-०७९ अन्तर्गतका न्याय सेवा, परराष्ट्र सेवा, प्रशासन सेवा, लेखापरीक्षण सेवा र संघीय संसद सेवाका खुला तथा समावेशी समूहका सबै विज्ञापनहरुमा दरखास्त लिने कार्य अर्को सूचना प्रकाशन नभएसम्मका लागि स्थगन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

मितिः २०७८/९/१९